# मिति २०८०/१२/०२ गते बसेको १४८ औं नगर कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं. १**

मिति २०८०/११/४ गते बसेको १४७ औं कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको विषयमा समीक्षा गरियो

**निर्णय नं.२**

रत्ननगर नगरपालिका नगर कार्यपालिकाको कार्यालय, यस अन्तरगतका वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरु समेतमा सेवा प्रवाहका स्थितिका बिषयमा छलफल गरियो सेवा प्रवाहका विषयमा सुधार गर्नुपर्ने बिषयहरु सुधार गर्दै सेवा प्रवाहलाई अझ बढी प्रभावकारी बनाउँदै लैजाने सर्वसम्त निर्णय गरियो ।

**निर्णय नं. ३**

नगर प्रवक्ता श्री कुल प्रसाद सापकोटा ज्यूबाट रत्ननगर नगरपालिकाको गत (फागुन) महिनामा सम्पादन भएका मुख्य मुख्य कार्यहरुको विवरण, आर्थिक प्रशासन शाखाबाट आय व्ययको बिवरण, राजश्व शाखावाट राजश्व संकलनको विवरण पेश भई छलफल गरियो । साथै राजश्व संकलनको अवस्थाका विषयमा छलफल गरियो र चालु आ.व. को लक्ष्य अनुसार राजश्व संकलनका लागी प्रभावकारी योजना सहितका क्रियाकलापहरु संचालन गर्न राजश्व परामर्श समितिलाई निर्देशन गरियो ।

**निर्णय नं. ४**

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महाशाखा नं. १२ को पं.स १-अनु/सन्ध्या २०८०/०८१ मिति २०८०/११/२१ च.नं. ४७४२२ को पत्र बमोजिमको सुझाव बैठकमा प्रस्तुत भयो प्राप्त पत्रमा उल्लेख भएको सुझाव अनुसार सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ समेतका प्रचलित कानुनहरुको परिपालना गर्ने गराउने गरी कार्यप्रणालीलाई कार्यान्वयन गर्दै जाने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ५**

नेपाल सरकारवाट आ. व. २०८१।०८२ मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा उपलब्ध हुने वित्तीय समानिकरण अनुदान अन्तरगत कार्यसम्पादन मुल्यांकन वापत प्रदेश सरकार र स्थानीय तहले प्राप्त गरेको अंकको नतिजा मिति २०८० साल फाल्गुन ८ गते प्रकाशित गरी पुनरावलोकनका लागि दिईएको सात दिनको समयमा यस कार्यालयबाट आ व २०७९।०८० मा सम्पादन भएका कामकारवाहीको छुट भएका कागजात सहित पुनरावलोकनका लागि सिफारिस भए बमोजिम मिति २०८०।११।२९ गते प्रकाशित सुचना अनुसार यस रत्ननगर नगरपालिकाले ७४.०१ अंक प्राप्त गरेकाले आजैका मिति देखि उक्त अंक सार्वजनिक गरियो ।

क्रमशः

## निर्णय नं ६

रत्ननगर नगरपालिकाको आर्थिक ऐन २०८० मा तपसिलको संशोधन, शिर्षक र दररेट थप सहित हाललाई निरन्तरता दिने र आगामी नगर सभाबाट अनुमोदन सहित स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

क. आयस्रोत प्रमाणित तथा सम्पती मुल्यांकन शिर्षकमा विद्यार्थी अध्ययन प्रयोजनको लागि वहालकरको आयस्रोत प्रमाणित सिफारिस दस्तुर ०.५ प्रतिशत हुनुपर्नेमा अन्यथा भएकाले मुल्यांकन रकमको ०.५ प्रतिशत कायम गर्ने कायम गर्ने ।

ख. होमस्टे व्यवसाय दर्ता /नविकरण शुल्क ३० जना व्यक्ती सम्म राख्न सक्ने क्षमता भएको होमस्टेलाई रु.२०००/- र ३० जना व्यक्ती भन्दा बढी राख्न सक्ने क्षमता भएको होस्टेलाई रु.५०००/-

ग. अधिकांश सैलुन/पार्लर व्यवसाय दर्ता प्रकृयामा नआएकाले दर्ता प्रकृयामा ल्याउन १ वर्ष देखी संचालनमा रहेका वा नयाँ व्यवसाय दर्ता शुल्क रु.२०००/- र १ वर्ष भन्दा अगाडी देखि संचालनमा रहेका तर हाल सम्म पनि व्यवसाय दर्ता नगरेका सैलुन/पार्लरहरुका लागि कोभिड-१९ को महामारो समयको २ वर्षको छुट दिई दर्ता शुल्क रु.२००० हजार र नविकरण शुल्क ५००/- कायम गर्ने ।

## निर्णय नं ७

रत्ननगर नगरपालिका र श्री काश्यप आर के जे भि कलंकी १४ काठमाडौं बिच मिति २०८०।१०। १३ गते सम्झौता भई कार्यदेश दिईएको योजना (***Construction of Drain with footpath (Tandi Chowk to Shringar Budhikhola Culvert) At Ward No.2 RAT\CHITWAN\Works\NCB\05\2078-2079***) को योजना निर्माणाधिनको समयमा सूरु लागत अनुमान गर्दा तयार गरिएको सडक मापदण्ड वमोजिम योजना कार्यान्वयनको समयमा कार्यान्वयन निकायहरु बिच समन्वय हुन नसकेको उक्त चेनेजको केही स्थानमा शाखा सडकहरु पर्ने निर्माण सामाग्री सप्लार्यसको डिपो पर्ने साथै ट्रयाक्टर व्यवसायीको कार्य क्षेत्रमा प्रवेश फिल्ड शुल्क समेत पर्ने हुदाँ सो उल्लेखित क्षेत्रमा सम्झौता वमोजिम कार्य गर्न नमिल्ले हुदाँ थप कार्य गर्न समेत उपयुक्त विकल्प नदेखिएको भनि वडाबाट समेत सिफारिस प्राप्त भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ (४) एवम् सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२७ को उपनियम १ सार्वजनिक हितका लागि सुविस्थाको आधारमा सम्झौताको अन्त्य गरी योजनाको Qunatity Vo गरी ठेक्का फरफारक गर्ने सर्वसम्मत निर्णय गरियो ।

## निर्णय नं ८

रत्ननगर नगरपालिका वडा नं. ८ मा रहेको प्राकृतिक खेलकुद मैदानलाई रङ्गशालाको रुपमा विकास गर्न संघीय सरकार र प्रदेश सरकारका बिभीन्न निकायहरुबाट बजेट माग गर्नका लागि उक्त उजना निर्माणको Drowing & Degsin, Detail Estimate गर्नुपर्ने भएकाले रउक्त योजनाको डिफिआर तयार गर्ने सर्वसम्मत निर्णय गरियो ।

क्रमश

निर्णय नं ९
क्रमागत योजना तर्फ विनियोजित केशब आचार्यको घर देखि पश्चिम जाने बाटो निर्माण २०७६/०७७ मा ठेक्का सम्बन्धी निजले गरेको कार्यको मुल्यांकन गरी बेरुजु संपरीक्षण गर्ने र ठेक्का सम्झौता रद्ध गर्ने सर्वसम्मत निर्णय गरियो

निर्णय नं १०
नेपाल सरकार संघीय समानिकरण अनुदानको दोस्रो किस्ता रोक्का भएको भएकाले हाललाई समानिकरण अनुदानबाट संचालन हुने योजना तथा कार्यक्रम सम्झौता नगर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं ११
रत्ननगर नगरपालिकाबाट विगतका आ व हरुमा उपभोक्ता समिति र ठेक्का मार्फत संचालन संचालन भई सम्पन्न हुन बाँकी रहेका योजना तथा कार्यक्रमहरुको सम्पन्न गर्नुपर्ने मिति २०८०।१२।३० सम्म र चालु आ व २०८०।०८१ मा यस रत्ननगर नगरपालिकाबाट संचालन हुने योजना तथा कार्यक्रमहरुको सम्झौता मिति २०८०।१२।३० गते सम्म निर्धारण गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं १२
रत्ननगर नगरपालिका नगर स्तरीय अनुगमन समितिबाट अनुगमन समितिको प्रतिवेदन बैठकमा पेश भयो । उक्त अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं १३
रत्ननगर नगरपालिकाको आर्थिक विकास समितिबाट मिति २०८० मंसिर २२ र मिति २०८० फागुन २२ मा भएका निर्णयहरु बैठकमा पेश भयो ।

निर्णय नं १४
वन वातावरण तथा विपद् व्यवस्थापन समितिको मिति २०८०/१२/०१ निर्णय अनुमोदन गरियो साथै रत्ननगर नगरपालिका भित्र आगलागीका कारण क्षति भएका तपसिलका घटनाहरुको देहाय बमोजिम राहात रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

तपसिल

१. मिति २०८०/११/२७ गते वडा नं. १ को सुहाना फेन्सी कलेक्सनमा भएको क्षतीका राहात रकम रु.१५०००० /-
२. वडा नं.९ निवासी श्री सुकदेव देवकोटाको गोठमा मिति २०८०/११/२६ गते परालको टौवामा आगलागी भई क्षति भएको राहात रकम रु.२००००/-

क्रमश